# श्री सिद्धभुमि सामुदायिक वन उपभोक्ता समूह

## गैंडाकोट न.पा.-१८,दमार, नवलपरासी (व.सु.पू.)

टेक बहादुर राना
अध्यक्ष

**विषय : बोलपत्रद्धारा वन पैदावार (काठ/दाउरा) लिलाम बिक्रीको सूचना ।**

(प्रथमपटक सूचना प्रकाशित मिति २०८२/१२/०५ )

यस सिद्धभुमि सा.व.उ.स.को वनबाट आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ मा स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भई सामुदायिक वन घाटगद्दीमा लट बनाई राखिएको साल,असना गोलिया काठ थान ७७ को परिमाण ९३६.९९ क्यू.फि.,साल चिरान थान २८० को ४३१.३३ क्यू.फि.,साल बाकल ५५०० के.जी.र साल २ चट्टा दाउरा जे जस्तो अवस्थामा छ , सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानुन बमोजिम उधोगको रुपमा दर्ता तथा नविकरण भएका वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उधोगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र डिभिजन वन कार्यालय नवलपुर वा यस कार्यालयमा सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिन दिनको कार्यालय समय भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारी एवं सूचनाको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क गर्नु हुन सूचित गरिन्छ ।

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरण :**

| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि. /चट्टा) | प्रति ईकाई मूल्य रु. | न्यूनतम मूल्यांकन रकम रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | गोलिया | ए. | २९ | ६३५.५३ | १२५०.०० | ७९४४१२.५ | संकलन खर्च प्रति क्यु.फि रु २२० थप लाग्नेछ । | |
| | | | बी | १० | १०९.४७ | ९००.०० | ९८५२३ | | |
| | | | सी. | ३३ | १५१.८६ | ६००.०० | ९१११६ | | |
| | | | डी. | १ | १.८३ | ३०० | ५४९ | | |
| | | साल जम्मा | | ७३ | ८९८.६९ | | ९८४६००.५ | | |
| | असना | गोलिया | ए | १ | १४.५४ | ४००.०० | ५८१६ | | |
| | | | बी | २ | १८.७२ | ३००.०० | ५६१६ | | |
| | | | सी | १ | ५.०४ | १००.०० | ५०४ | | |
| | | असना जम्मा | | ४ | ३८.३ | | ११९३६ | | |
| | जम्मा गोलिया (लट नं.१): | | | ७७ | ९३६.९९ क्यू.फि | | ९९६५३६.५ | | |
| २ | साल | चिरान | ए. | २८० | ४३१.३३ घ.फि.को गोलिया आयतन ६०३.८६२ घ.फि. | १२५०.०० | ७५४८२७.५ | संकलन खर्च प्रति क्यु.फि रु ६५० थप लाग्नेछ । | |
| | साल बाकल | | | | ५५०० के.जी | ०० | ०० | संकलन खर्च प्रति के.जी रु ८ थप लाग्नेछ । | |
| | साल दाउरा चट्टा | | | | २ | १२०००.०० | २४,००० | संकलन खर्च प्रति चट्टा रु १८००० थप लाग्नेछ | |
| | लट नं.२ को न्यूनतम मूल्यांकन रकम जम्मा रु: | | | | | | ७७८८२७.५ | | |

२. **बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :**

क) बोलपत्र खरिद गर्ने **अन्तिम मिति:** २०८२/१२/२५ गते **समय:** कार्यालय समय भित्र ।

ख) बोलपत्र दाखिला गर्ने **अन्तिम मिति:** २०८२/१२/२६ गते **समय:** कार्यालय समय भित्र सम्म ।

# श्री सिद्धभुमि सामुदायिक वन उपभोक्ता समूह

गैंडाकोट न.पा.-१८,दमार, नवलपरासी (व.सु.पू.)

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ।

घ) बोलपत्र खरिद तथा दाखिला गर्ने स्थान: श्री सिद्धभुमि सा.व.उ.स. को कार्यालय, गैंडाकोट न.पा.१८, नवलपरासी (ब.सु.पू.) र डिभिजन वन कार्यालय, नवलपुर।

३. बोलपत्र साथ धरौटी वापत कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैक लिमिटेड, टाँगीकोट शाखामा रहेको खाता नं. ३१३०१०००००६७५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ६ महिना म्याद रहेको सक्कलै बैंक जमानत पत्र समावेश हुनु पर्नेछ। नगद धरौटीलाई मान्यता दिईनेछैन।

४. बोलपत्र फारम लट नं.१ र २ को रु.१,०००।- (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय, नवलपुरबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ।

६. लिलाममा भाग लिन ईच्छुक स:मिल, कम्पनी वा फर्मबाट प्रोप्राइटरले नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर(PAN)दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत भएको प्रमाणपत्र समेत बोलपत्र साथ पेश गर्नुपर्नेछ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण तथा अद्यावधिक भएको हुनु पर्नेछ।

७. बोलपत्र खरिद गर्दा लट अनुसार छुट्टाछुट्टै बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र दाखिला गर्नु पर्ने छ र शिलबन्दी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्ने छ।

८. श्री डिभिजन वन कार्यालय, नवलपुरमा दर्ता भएका शिलबन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु यस समूहको कार्यालयमा प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन।

९. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति **२०८२/१२/२९** गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ। यो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ।

१०. लिलाम स्वकृित भई जानकारी प्राप्त भएको ४५ दिन भित्र साकार गरेको रकम तथा निर्धारीत मूल्यअभिबृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वनपैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

११. बोलपत्रमा साकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१२. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ।

१३. अन्य कुराको हकमा प्रचलित ऐन, नियम र सामुदायिक वनको वन पैदावार संकलन तथा विकी वितरण निर्देशिका, २०७१ बमोजिम हुनेछ।

टेक बहादुर राना
अध्यक्ष